आज मिति २०७९ असोज ४ गतेका दिन पञ्चपुरी नगर कार्यपालिकाका प्रमुख श्री लाल विर भण्डारीज्यु को अध्यक्षतामा आ.व. २०७९/०८० को तेश्रो बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि निम्नानुसार निर्णय गरियो।

स्थान :- नगरपालिका सभाहल

बैठक प्रारम्भ :- बजे

बैठकको अन्त्य :-

उपस्थिति

| सि.नं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाल विर भण्डारी | नगरकार्यपालिका प्रमुख | |
| २. | श्री मुक्तिदेवी रेग्मी | नगर कार्यपालिका उप-प्रमुख | |
| ३. | श्री कर्ण बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४. | श्री याम बहादुर बि सी | वडा अध्यक्ष वडा नं. २ | |
| ५. | श्री बल बहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६. | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं.४ | |
| ७. | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८. | श्री नर बहादुर सिजापती | वडा अध्यक्ष वडा नं. ६ | |
| ९. | श्री खिम बहादुर बयक क्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १०. | श्री दीपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११. | श्री पूर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२. | श्री हरी प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३. | श्री धन बहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४. | श्री चन्द्रा आलेमगर | नगरकार्यपालिका सदस्य | |
| १५. | श्री कोपिला नेपाली | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री कमला सुवेदी सापकोटा | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री भावना रावल | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री भगे कामी | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री गोर्खे कामी | नगर कार्यपालिका सदस्य | |
| २०. | श्री देवेन्द्र राजी | नगर कार्यपालिका सदस्य | |
| २१. | श्री अनिता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२. | गोकर्ण नाथ योगी | प्र.प्र.अ./सदस्य सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३ | | | |

Scanned By Camera Scanner

**आ.व. २०७९/०८० को मिति २०७९ असोज ०४ गते बसेको कार्यपालिका तेश्रो बैठकका निर्णयहरु**

१. पञ्चपुरी नगरपालिका भित्र विभिन्न वडाहरुमा बाढी पहिरोको कारण भएको धनजनको क्षति सम्बन्धमा के कति नोक्सानी भएको हो ? सम्बन्धित वडाबाट आवश्यक कागजात सहित क्षतिपूर्तीको लागि माग भइ आएमा यस नगरपालिकाको प्रचलित कानून बमोजिम सहयोग रकम निर्धारण गरी वितरण व्यवस्था मिलाउने ।

२. विगत केही दिनदेखी परेको अविरल वर्षाको कारण पञ्चपुरी नगरपालिका भित्र विभिन्न मुख्य बाटो तथा सहायक बाटोहरुमा क्षति पुगेको हुदा प्राविधिक प्रतिवेदन तथा सम्बन्धित वडाको सिफारिसको आधारमा सडक सुधार र मर्मत गर्नको लागि नगरपालिकाको स्वामित्वमा रहेको भ्याकुहोलोडर प्रयोग गर्ने, नजिकिदै गरेको वडादशै भित्र सडकहरु शिघ्र सुचारु गर्नुपर्ने र खरिद प्रक्रिया अपनाउदा समय अपुग हुने भएकोले नगर क्षेत्र भित्रका निर्माण व्यवसायीहरुको स्क्याभेटर तथा भ्याकुहोलोडर हरु प्रयोग गर्नुपर्ने भएकोले निर्माण व्यवसायीहरु संग सम्झौता गरी यथाशिघ्र सडक मर्मत कार्य अगाडी बढाउने निर्णय गरियो ।

३. यस नगरपालिका अन्तर्गतका खोला तथा नदीहरुबाट उत्खनन गर्नुपर्ने नदीजन्य पदार्थ (ढुंगा गिट्टी बालुवा) को IEE प्रक्रिया अन्तिम चरणमा भएकोले सो को ठेक्का प्रक्रिया नटुगिंने बेलासम्मको लागि योजनाहरुको निर्माण कार्य सुचारु गर्न वडा नं. १० र ११ को सिमानामा रहेको घुमखहरे खोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्न कार्यालयबाट आवश्यक कर्मचारी खटाई आ.व. २०७८/०७९ को राजश्व दररेट अनुसार टिपशुल्क लिने गरी विक्रि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. पञ्चपुरी नगरपालिका भित्रका विभिन्न खोला तथा नदीहरुबाट अबैध रुपमा नदीजन्य पदार्थ चोरी निकासी हुदै गरेको सुनिन आएकोले र सो को नियन्त्रण र नियमन गर्नका लागि विभिन्न वडाहरुबाट अनुरोध समेत भइ आएको हुदा त्यस्ता नदीजन्य पदार्थको अबैध चोरी निकासी नियन्त्रण गर्न इलाका प्रहरी कार्यालय बाबियाचौर संग समन्वय गर्ने र अबैध चोरी निकासी नियन्त्रण वापत संकलित जरिवाना राजश्व रकमको २० प्रतिशत रकम इलाका प्रहरी कार्यालयलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

५. आ.व.२०७९/०८० मा यस पञ्चपुरी नगरपालिका भित्र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरी स्वीकृत विभिन्न योजनाहरुको मंसीर मसान्त सम्म उपभोक्ता समिति गठन र सम्झौता गरि निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

६. नेपाल जलवायू अनुकूलन सहयोग कार्यक्रम (NCCSP-2) सञ्चालनको लागि यस पञ्चपुरी नगरपालिका भित्र कार्यान्वयन हुनेगरी तपसिल बमोजिमको आयोजनालाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल :

१. वडा नं. १० मा रहेको गल्फा खोला तटबन्धन आयोजना

२. वडा नं. १० र ११ मा कार्यान्वयन हुने गरी वडा बाट सिफारिस भएका एक-एक वटा खानेपानी तथा सिचाई सम्बन्धी आयोजना

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत

Scanned By Camera Scanner

७. यस पञ्चपुरी नगरपालिका अन्तर्गत वडा नं. ७ मा कार्यरत वडा सचिव श्री अशोक भण्डारी को मिति २०७९/०३/२४ गते कार्यस्थलमा जादै गर्दा बाटोमा अचानक यस कार्यालयको गाडीले ठक्कर दिदा घाइते भएको र तत्काल उपचार गर्दा निज कर्मचारीले लागेको कूल खर्च रु. २३०००।- बिल भपाई बमोजिम उपलब्ध गराई पाउ भनी निवेदन पेश गरेकोमा निजलाई उपचार खर्चवापतको बिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

८. यस पञ्चपुरी नगरपालिका भित्रका विभिन्न वडाहरुमा भाद्र ३० र ३१ गते आएको अविरल वर्षाले क्षति पुऱ्याएको हुदा आवश्यक मर्मत पुनः निर्माणको लागि सम्बन्धित वडाहरुबाट माग भई आए बमोजिम कर्णाली प्रदेश अन्तर्गतका सम्बन्धित मन्त्रालयहरुमा आर्थिक तथा प्राविधिक सहयोगको लागि सिफारिस गर्ने निर्णय गरियो ।

९. पञ्चपुरी नगरपालिका विधुत सबस्टेशन देखि जामुपुल सडक खण्डमा भदौ महिनामा आएको अबिरल बर्षातको कारण वडा नं. १० र ११ तथा ९ मा आवतजावतमा कठिनाई भएको हुदा निजी निर्माण व्यवसायी मार्फत मर्मत गर्दा लागेको खर्च भुक्तानीको लागि पेश भइ आएको हुदा वडा कार्यालयको सिफारिस र प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned By Camera Scanner